राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ४१ २०८३ भदौ १३ गते शनिवार (29 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## राहत कोषमा ३६ घण्टामै पौने २ अर्ब सहयोग

दैनिक समाचारदाता
काठमाडौं १२ भदौ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३६ घण्टाको अवधिमा एक अर्ब ९१ करोड रुपैयाँभन्दा बढी सहयोग रकम संकलन भएको छ। अर्थ मन्त्रालयलाई प्राप्त विवरणअनुसार बुधबार मध्याह्नदेखि बिहीबार राति १२ बजेसम्म कोषमा उक्त रकम जम्मा भएको हो।

विभिन्न १० वाणिज्य बैंकमा रहेका खातामार्फत दाताहरूले ३६ घण्टाको अवधिमा एक अर्ब ९१ करोड ८६ लाख ५० हजार ९११ रुपैयाँ सहयोग जम्मा गरेका हुन्।

बुधबार बिहान नेपाल-चीन सीमा क्षेत्र हुँदै बग्ने भोटेकोशी नदीमा आएको भीषण बाढीबाट ठूलो धनजनको क्षति भएपछि सरकारले मन्त्रिपरिषद् बैठकमार्फत प्रभावित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। त्यसपछि राहत कोषमा व्यक्ति तथा विभिन्न संघसंस्थाबाट सहयोग रकम जम्मा हुन थालेको हो।

सरकारले कोषमा रकम जम्मा गर्ने तथा त्यसको समन्वयका लागि अर्थ मन्त्रालयलाई फोकल मन्त्रालय तोकेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संस्थागततर्फ एक करोड रुपैयाँ वा सोभन्दा बढी सहयोग गर्ने दाताबाट प्राप्त रकम आफैँमार्फत स्वीकार गरिरहनुभएको छ।

यस्तै, व्यक्तिगततर्फको नगद सहयोग रकम दाताले मन्त्रालयमै पुगेर प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ।

नयाँ सहयोगसहित कोषमा रहेको रकम चार अर्ब नौ करोड ११ लाख ६० हजार रुपैयाँ पुगेको छ। यसअघि कोषमा दुई अर्ब १७ करोड २५ लाख नौ हजार ७५९ रुपैयाँ बचत रहेको थियो।

यसअघि बिहीबार मात्रै छ घण्टाको अवधिमा नेपालका निजी क्षेत्रका दाताबाट मन्त्रालयमार्फत २७ करोड ३३ लाख रुपैयाँ सहयोग प्राप्त भएको थियो। उक्त रकममा विभिन्न मित्रराष्ट्रले घोषणा गरेको सहयोग भने समावेश गरिएको छैन।

## भोटेकोशी बाढीपछि मधेशका ८७ जना अझै सम्पर्कविहीन

### १२ जना सम्पर्कमा, सप्तरी र बारा(पर्साबाट बढी प्रभावित; खोजी तथा उद्धार जारी

दैनिक समाचारदाता
जनकपुरधाम, १२ भदौ । रसुवाको भोटेकोशी नदीमा बुधबार आएको भीषण बाढी तथा पहिरोपछि मधेश प्रदेशका विभिन्न जिल्लाबाट रसुवा पुगेका ८७ जना अझै सम्पर्कविहीन रहेका छन् । बाढीपछि सम्पर्कविहीन भएका ९९ जनामध्ये शुक्रबार दिउँसोसम्म १२ जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार रसुवामा रोजगारी, जलविद्युत् आयोजना, निर्माण तथा अन्य कामका सिलसिलामा पुगेका व्यक्तिहरू बाढी तथा पहिरोपछि सम्पर्कविहीन भएको जानकारी आफन्तबाट प्राप्त भएको हो । उद्धार तथा खोजीका क्रममा केही व्यक्ति सम्पर्कमा आएका छन् भने केहीले आफन्तसँग प्रत्यक्ष फोन सम्पर्क गरेका छन् ।

सम्पर्कमा आउनेमा सप्तरी, बारा, महोत्तरी, धनुषा र सर्लाहीका व्यक्ति रहेका छन् । सर्लाहीको लालबन्दी नगरपालिका(१ का बृजकिशोर दास र उनकी श्रीमती सुनितादेवी दास, महोत्तरीको जलेश्वर नगरपालिका(९ का राकेशकुमार यादव तथा बाराको कलैया उपमहानगरपालिका(२२ का सत्यप्रकाश रामलगायत परिवारको सम्पर्कमा आएका छन् ।



धनुषाको हंशपुर नगरपालिका(६ का दयावती देवी यादव, उनका छोरा विजयकुमार यादव तथा आफन्तहरू पनि सुरक्षित रहेको जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ । उनीहरू गोसाइँकुण्ड दर्शनका लागि रसुवा पुगेका थिए । सर्लाहीका ज्ञानबहादुर थिङ र सिन्धुलीका श्यामलाल मोक्तानलाई उद्धार गरी सम्पर्कमा ल्याइएको प्रहरीले जनाएको छ ।

यद्यपि, रसुवामा रहेका आफ्ना आफन्तसँग सम्पर्क हुन नसकेपछि मधेशका विभिन्न जिल्लाका परिवारमा चिन्ता बढेको छ । सञ्चार तथा विद्युत् सेवा अवरुद्ध भएकाले कतिपय व्यक्तिसँग सम्पर्क स्थापित हुन नसकेको स्थानीय प्रशासनको अनुमान छ ।

सप्तरीबाट मात्रै ठूलो संख्यामा व्यक्ति सम्पर्कविहीन रहेको स्थानीय प्रशासनले जनाएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीका अनुसार प्राप्त विवरणका आधारमा ३३ जना सम्पर्कविहीन रहेको बताइएको छ । उनीहरूमध्ये अधिकांश जलविद्युत् आयोजना तथा अन्य कामका लागि रसुवा पुगेका थिए । एउटै परिवारका तीन दाजुभाइसमेत सम्पर्कविहीन रहेको विवरण छ ।

सप्तरीका बोदेबरसाइन नगरपालिका, खडक नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका, कञ्चनरूप नगरपालिका, राजगढ गाउँपालिका, डाक्नेश्वरी नगरपालिका, राजविराजलगायत क्षेत्रका व्यक्तिहरू सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ । जिल्ला प्रशासन कार्यालयले जिल्लाका १८ वटै स्थानीय तहसँग समन्वय गरी थप विवरण सङ्कलन गरिरहेको जनाएको छ ।

महोत्तरीका नौ जना सम्पर्कविहीन भएकोमा जलेश्वरका राकेशकुमार यादव परिवारको सम्पर्कमा आएका छन् । बाँकी आठ जनाको अवस्था अझै अज्ञात रहेको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ । सम्पर्कविहीन हुनेमा अपर त्रिशूली(१ आयोजनामा कार्यरत कर्मचारीदेखि जलविद्युत् आयोजना तथा पर्यटकीय क्षेत्रमा काम गर्ने व्यक्तिसम्म रहेका छन् ।

बाँकी पृष्ठ ४ मा

## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनै पनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं ।
- सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रधानमन्त्रीसहित मन्त्रीको एक महिनाको तलब राहत कोषमा

दैनिक समाचारदाता
काठमाडौं, १२ भदौ । सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सबै सदस्यको एक महिनाको तलब-पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।


यस्तै, बैठकले गत बुधबार नेपाल-चीन सीमा क्षेत्रको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको बाढीबाट प्रभावित जिल्लाका क्षतिग्रस्त व्यक्ति तथा




व्यावसायिक संस्थाका लागि सहुलियत तथा पुनःस्थापना प्याकेज तयार गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ।

बैठकले भारतसँग सरकार-सरकार (जिटुजी) माध्यमबाट २५ हजार मेट्रिक टन डिएपी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति दिने निर्णयसमेत गरेको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# रिलिजअघि नै 'टक्सिक'को तहल्का, ६ लाख बढी टिकट बिक्री

मुम्बई । दक्षिण भारतीय स्टार यश अभिनीत फिल्म 'टक्सिक : अ फेयरी टेल फर ग्रोन-अप्स' ले प्रदर्शनअघि नै अग्रिम बुकिङमा बलियो सुरुवात गरेको छ। गीतु मोहनदास निर्देशित पिरियड ग्याङ्स्टर एक्सन-थ्रिलर बुधबारदेखि प्रदर्शनमा आउँदैछ।

फिल्म प्रदर्शन हुन अझै दुई दिन बाँकी रहँदा ७२ घण्टामै ६ लाख ४१ हजार ८७४ टिकट बिक्री भइसकेका छन्। अग्रिम बुकिङको यो उत्साहले फिल्मको ओपनिङलाई लिएर अपेक्षा बढाएको छ।

ट्रेड विश्लेषकहरूले भारत तथा विदेशमा हुने अग्रिम बुकिङबाट मात्रै फिल्मले आगामी दुई दिनमा १०० देखि १२० करोड भारतीय रुपैयाँसम्म ग्रस कमाइ गर्न सक्ने अनुमान गरेका छन्। सोमबार बिहान ११ बजेसम्म 'टक्सिक'ले अग्रिम बुकिङमा शाहरुख खानको 'पठान' र रणवीर कपुरको 'एनिमल'लाई समेत पछाडि पारिसकेको जनाइएको छ।



फिल्मको मूल कन्नड भाषासँगै हिन्दी डब संस्करणमा पनि दर्शकको उल्लेख्य चासो देखिएको छ। 'टक्सिक'को अग्रिम बुकिङ २१ अगस्टदेखि सुरु भएको थियो।

सोमबार बिहान ११ बजेसम्म आइम्याक्स र फोरडी फर्म्याटमा कन्नड संस्करणको ११.९२ करोड भारु बराबरको ग्रस अग्रिम बुकिङ भएको छ भने हिन्दी संस्करणको अग्रिम टिकट बिक्री ११.५७ करोड भारु पुगेको छ।

फिल्मको निर्माण बजेट ८०० देखि १ हजार करोड भारुको हाराहारीमा रहेको बताइएको छ। यस्तो अवस्थामा प्रदर्शनअघि नै भइरहेको अग्रिम बुकिङबाट हुने आम्दानी फिल्मका लागि महत्वपूर्ण मानिएको छ।

स्याकनिल्कको रिपोर्टअनुसार 'टक्सिक'ले ब्लक सिटबाहेक प्रत्यक्ष टिकट बिक्रीबाट कन्नड, हिन्दी, तेलुगु, तमिल र मलयालम भाषाका शोमा अग्रिम बुकिङमार्फत २४.३५ करोड भारु ग्रस कमाइसकेको छ। ब्लक सिटसमेत जोड्दा यो रकम ३२.९२ करोड भारु पुगेको छ।

हाल भारतभर ट्र्याक गरिएका १४ हजार १५२ शोका लागि अग्रिम टिकट बुकिङ भइरहेको छ। प्रदर्शनको मिति नजिकिँदै जाँदा शोको संख्या थपिनुका साथै टिकट बिक्री पनि अझ तीव्र हुने अपेक्षा गरिएको छ।

भारतमा प्रदर्शनअघि अग्रिम बुकिङबाट सर्वाधिक कमाइ गर्ने फिल्मको सूचीमा 'टक्सिक' शीर्ष १० मा प्रवेश गरिसकेको छ। रिलिज हुन अझै दुई दिन बाँकी रहँदा नै यसले 'पठान' र 'एनिमल'लाई उछिनेको हो।

# आर्याको शिरमा 'मिस नेपाल इन्टर नेसनल'को ताज

काठमाडौं । मधेश प्रदेशले दोस्रोपटक 'मिस नेपाल'को उपाधि हासिल गरेको छ। निकिता चाण्डकले 'मिस नेपाल वर्ल्ड'को ताज जितेको केही वर्षपछि आर्या निशान्तले गत साता 'मिस नेपाल इन्टरनेसनल २०२६'को उपाधि जितेकी हुन्।

मृदुभाषी तथा मिजासिलो स्वभावकी आर्या फेसन मोडलसँगै शैक्षिक अभियन्ता पनि हुन्। आगामी नोभेम्बर २५ मा जापानमा आयोजना हुने 'मिस इन्टरनेसनल'को अन्तर्राष्ट्रिय प्रतियोगितामा उनले नेपालको प्रतिनिधित्व गर्नेछिन्।

'मिस नेपाल'को ताज जितेसँगै आफ्नो जिम्मेवारी थपिएको आर्या बताउँछिन्। अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दै देशको प्रतिष्ठा उँचो बनाउने जिम्मेवारी आफूमा आएको उनको भनाइ छ।

'ताज मेरो टाउकोमा आएपछि एकछिन त सपनामै छु कि जस्तो लाग्यो,' उनले भनिन्, 'ठूलो दायित्व थपिएको महसुस गरेँ। अब अन्तर्राष्ट्रिय मञ्चमा नेपाल भनेर चिनिनेछ। त्यसमा गर्व पनि हुन्छ र ठूलो भार पनि।'

आफू उत्कृष्ट प्रदर्शन गर्ने उद्देश्यसहित प्रतियोगितामा सहभागी भएको उनले बताइन्। नतिजालाई भन्दा आफ्नो उत्कृष्ट प्रदर्शनमा ध्यान दिएको उनको भनाइ छ।

'मैले आफूलाई कसैसँग तुलना नगरी आफ्नो बेस्ट दिने र कुनै अपेक्षा नराख्ने भनेर प्रतियोगितामा गएकी हुँ। यो भाग्यको कुरा पनि हो। मैले नतिजामा फोकस गरिनँ। नजितेको भए पनि दुःखी भएर फर्किने थिइनँ। जितेकोमा खुसी छु,' उनले भनिन्।

'मिस नेपाल' बनेपछि आफूलाई हेर्ने र सुन्ने दर्शकको दायरा बढ्ने आर्याको बुझाइ छ। उपाधि जितेपछि आफ्नो व्यक्तिगत स्वभावमा भने कुनै परिवर्तन नआउने, तर देशको प्रतिनिधित्व गर्ने जिम्मेवारी थपिएको उनले बताइन्।

उनका अनुसार 'मिस नेपाल'को ताज केवल हीराले सजिएको आभूषण मात्र होइन, यससँग सम्पूर्ण नेपालीको अपेक्षा जोडिएको हुन्छ।

'यो हीराले भरिएको ताज मात्र होइन, यसमा सबै नेपालीको अपेक्षा जोडिएको हुन्छ। अन्तर्राष्ट्रिय मञ्चमा जाँदा सबैलाई चित्त बुझ्ने गरी प्रतिनिधित्व गर्नुपर्नेछ,' उनले भनिन्।

जापानमा हुने 'मिस इन्टरनेसनल'को मञ्चमार्फत नेपाललाई सगरमाथा र बुद्धको देशका रूपमा मात्र नभई नेपाली समाजका मूल्य, संस्कार र आतिथ्यका दृष्टिले पनि चिनाउन चाहेको उनले बताइन्।

'नेपाललाई सगरमाथा र बुद्धको देश मात्र होइन, नेपाली हामी मिलनसार छौँ, अतिथिलाई भगवान् मान्छौँ र यो गोरखाको देश हो भन्ने कुरा पनि बुझाउन चाहन्छु,' उनले भनिन्, 'आफ्नो व्यक्तित्वमा पनि यी मूल्य झल्काउने प्रयास गर्नेछु।'

अघिल्ला 'मिस नेपाल'हरूको व्यक्तित्व र अन्तर्राष्ट्रिय यात्राबाट आफू प्रभावित भएको आर्या बताउँछिन्। 'मिस नेपाल' मुलुककै ठूलो सौन्दर्य प्रतियोगिताको मञ्च भएकाले आफू पनि यसमा सहभागी भएको उनको भनाइ छ।

'मिस नेपाल मुलुकको ब्युटी पेजेन्टमध्ये सबैभन्दा ठूलो प्लाटफर्म हो। मिस नेपाल बनेर आउने हरेक महिलाको व्यक्तित्वमा पनि उहाँ मिस नेपाल हो भन्ने झल्किन्छ। त्यसैले मैले पेजेन्ट्रीमा सहभागी हुने निर्णय गरेँ,' उनले भनिन्।

अडिसनदेखि उपाधि जित्दासम्मको यात्रामा आफूले सिकेको सबैभन्दा ठूलो पाठ 'हार नमान्नु' रहेको उनको अनुभव छ।

'कहिलेकाहीँ जीवनमा चुनौती धेरै हुन्छन्। गल्ती भएमा वा केही बिग्रिएमा आफ्नो मन दुखाउनु हुँदैन। हरेक दिन उठ्नुस् र आफ्नो उत्कृष्टता दिने प्रयास गर्नुस्,' उनले सुझाव दिइन्।




अडिसनपछिको एक राउन्डमा आफू स्टेजमै लडेको प्रसंग सुनाउँदै उनले जीवनमा लड्नु ठूलो कुरा नभएको बताइन्।

'ढल्नु समस्या होइन, ढलेर पुनः उठ्नु महत्वपूर्ण हो। उठेर हिँड्न सक्नु नै जित हो,' उनको भनाइ छ।

निकिता चाण्डक, श्रृंखला खतिवडालगायत पूर्व 'मिस नेपाल'हरूको काम र अन्तर्राष्ट्रिय यात्राबाट आफू प्रेरित भएको आर्या बताउँछिन्।

'उहाँहरूले जति माया पाउनुभयो र अन्तर्राष्ट्रिय प्लाटफर्ममा नेपालको नाम फैलाउनुभयो, उहाँहरूको यात्राले मलाई प्रेरणा दिएको छ,' उनले भनिन्।

बिजनेस फाइनान्सकी विद्यार्थी आर्याले भविष्यमा शिक्षामा समान पहुँच पुर्‍याउने क्षेत्रमा काम गर्ने आफ्नो लक्ष्य रहेको बताइन्। 'मिस नेपाल'बाहेक शिक्षामा समान पहुँच पुर्‍याउन काम गर्नु आफ्नो मुख्य सपना रहेको उनको भनाइ छ।

'मिस नेपालबाहेक मेरो सपना भनेको शिक्षामा समान पहुँच पुर्‍याउन काम गर्नु हो। गैरनाफामूलक ढंगले बिजनेस गर्न चाहन्छु,' उनले भनिन्।

जापानमा हुने 'मिस इन्टरनेसनल' प्रतियोगितामा उनले संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकास लक्ष्य (एसडीजी) अन्तर्गत गुणस्तरीय शिक्षाको एजेन्डा उठाउने तयारी गरेकी छन्।

युवा पुस्तालाई सन्देश दिँदै आर्याले आफ्नो भविष्यको बाटो आफैँ तय गर्न, प्राप्त अवसरको सदुपयोग गर्न र असफलताबाट नडराउन आग्रह गरिन्।

'आफ्नो जीवनको रेखा आफैँ कोर्नुस्, अवसरलाई क्याच गर्नुस्, हार नमान्नुस्। सपना अवश्य पूरा हुन्छ,' उनले भनिन्।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# भोटेकोशी-त्रिशूलीमा बाढीको त्रास कायमै

## मृतकको सङ्ख्या ५४७ पुग्यो, ९७७ अझै सम्पर्कविहीन; थप बाढीको जोखिमपछि तटीय क्षेत्रमा उच्च सतर्कता



काठमाडौँ,१२ भदौ । तिब्बततर्फबाट भोटेकोशी नदीमा पुनः ठूलो बाढी आउन सक्ने जोखिम बढेपछि नेपाली सुरक्षा निकायले नदी तटीय क्षेत्रका सर्वसाधारण तथा उद्धारकार्यमा खटिएका टोलीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। सम्भावित जोखिमलाई ध्यानमा राख्दै उद्धारकर्मीले प्रभावित क्षेत्रका मानिसलाई सुरक्षित स्थानमा सार्न थालेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार रसुवाको भोटेकोशी नदीमा ठूलो बाढी आएको क्षेत्रमा शुक्रबार पुनः लेदोसहित पानीको बहाव बढेको सूचना प्राप्त भएको छ। थप बाढी आउन सक्ने सम्भावना रहेकाले भोटेकोशी-त्रिशूली नदी किनारमा रहेका सर्वसाधारण, उद्धारकर्मी तथा राहतमा खटिएका व्यक्तिलाई विशेष सतर्कता अपनाउन भनिएको छ।

प्राधिकरणले जोखिम देखिए तत्काल सुरक्षित स्थानमा जान आग्रह गरेको छ। नेपाल प्रहरीले पनि तिब्बततर्फ बनेको पानीको ड्याम पुनः फुटेको सूचना प्राप्त भएको जनाउँदै उद्धार तथा राहतमा खटिएका सुरक्षाकर्मी, उद्धारकर्मी र सर्वसाधारणलाई सावधानी अपनाउन अपिल गरेको छ।

***मृतकको सङ्ख्या ५४७***

रसुवामा बुधबार आएको विनाशकारी बाढीका कारण शुक्रबार बिहानसम्म ५४७ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। रसुवामा १२, नुवाकोटमा ३७, धादिङमा ३७, चितवनमा १७९, गोरखामा ४४, तनहुँमा २८, नवलपरासी पूर्वमा ११० र नवलपरासी पश्चिममा २८ जनाको शव फेला परेको प्रहरीले जनाएको छ।

विभिन्न स्थानसँगै त्रिशूली र नारायणी नदीमा समेत शव भेटिने



क्रम जारी छ। प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका १३ हजारभन्दा बढी सुरक्षाकर्मी खोज तथा उद्धारमा परिचालन गरिएको सरकारले जनाएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हालसम्म विभिन्न स्थानबाट ३ हजार २५३ जनाको उद्धार गरिएको छ। प्राधिकरणले ९७७ जना अझै सम्पर्कविहीन रहेको जनाएको छ। सम्पर्कविहीनमध्ये विदेशी नागरिकको सङ्ख्या ५१७ रहेको बताइएको छ।

***टिमुरे र स्याफ्रुबेँसीमा ठूलो क्षति***

बाढीको पहिलो प्रहार बेहोरेको रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ स्थित टिमुरे बजार र वडा नम्बर ५ को स्याफ्रुबेँसीमा ठूलो क्षति पुगेको छ।

गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङका अनुसार टिमुरे बजारको करिब ९० प्रतिशत र स्याफ्रुबेँसीको करिब ६० प्रतिशत भाग बाढीले ध्वस्त पारेको छ। बाढीका कारण गाउँपालिकाका कार्यालयसमेत ध्वस्त भएका छन्।

उनका अनुसार गाउँपालिकाका उपाध्यक्ष, दुई वडाध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीसहित धेरै व्यक्ति अझै सम्पर्कविहीन छन्। वडा नम्बर ५ का अध्यक्ष पनि बेपत्ता रहेको उनले जानकारी दिए।

स्थानीयका अनुसार बाढी आएको केही मिनेटमै टिमुरे बजार तहसनहस भएको थियो। चीनसँगको व्यापारका लागि प्रमुख नाकाका रूपमा रहेको टिमुरेमा अहिले ठूलो क्षति पुगेको स्थानीय व्यवसायी कामी नुर्बु तामाङले बताए।

बाढीका कारण जनप्रतिनिधि र सरकारी कार्यालयसमेत प्रभावित भएपछि विपत्तिमा परेका नागरिकलाई तत्काल सेवा र सहारा उपलब्ध गराउन चुनौती थपिएको छ।

***सुरुङमा फसेका मजदुरको उद्धार***

रसुवास्थित अपर त्रिशूली जलविद्युत् आयोजनाको सुरुङमा बाढीपछि फसेका मजदुर तथा स्थानीयको नेपाली सेनाले उद्धार गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार जटिल भूगोल र जोखिमपूर्ण परिस्थितिका बीच सेनाले सुरुङबाट ३५० जना मजदुर तथा स्थानीयको सकुशल उद्धार गरेको छ। सुरुङभित्र अझै कोही फसेका छन् कि छैनन् भन्नेबारे खोजी तथा उद्धार जारी रहेको जनाइएको छ।

उद्धारका लागि विशेष तालिमप्राप्त टोली तथा प्राविधिक उपकरण परिचालन गरिएको छ। प्रधानमन्त्रीको कार्यालयका अनुसार नेपाली सेनाले हालसम्म विभिन्न स्थानबाट ८८३ जनाको उद्धार गरेको जनाएको छ।

***शव व्यवस्थापनमा चुनौती***

बाढीका कारण रसुवादेखि नवलपरासी पश्चिमसम्म विभिन्न स्थानमा शव भेटिने क्रम जारी रहेपछि तिनको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गृह मन्त्रालयले सम्बन्धित जिल्लासँग समन्वय गरिरहेको जनाएको छ।

गृह मन्त्रालयकी सहप्रवक्ता रमा आचार्य सुवेदीका अनुसार भेटिएका शवको व्यवस्थापन सम्बन्धित जिल्लामै गर्ने वा आवश्यकताअनुसार केन्द्रमा ल्याउने विषयमा छलफल भइरहेको छ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार चितवनमा मात्रै ठूलो सङ्ख्यामा शव फेला परेका छन्। फेला परेका शवमध्ये पुरुष, महिला तथा बालबालिकाको पहिचान गर्ने काम पनि भइरहेको छ।

***सडक तथा राजमार्ग अवरुद्ध***

बाढीका कारण विभिन्न राजमार्ग तथा सडकखण्ड अझै अवरुद्ध छन्। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-गल्छी र मुग्लिन-नारायणगढ खण्ड तथा पासाङल्हामुलगायतका मार्ग प्रभावित भएका छन्। गल्छी-बैरेनी खण्डमा भने बिहीबार साँझदेखि एकतर्फी सवारी सञ्चालनमा आएको छ। जरिखेत क्षेत्रमा थुप्रिएको माटो तथा ढुङ्गा हटाएपछि यातायात आंशिक रूपमा सञ्चालन गरिएको हो।

मलेखु-गलौदी खण्डमा करिब ७०० मिटर लेदो हटाउने काम भइरहेको सडक विभागले जनाएको छ। धादिङको बेनीघाट रोराङ गाउँपालिका-१० ज्याङखोला, बिहानी पम्प क्षेत्र, गजुरीको जहरेखेत तथा बाङ्गेमोडलगायतका स्थानमा पनि सडक खुलाउने प्रयास भइरहेको छ।

***अध्यागमनबाट ९० जनाले लिए 'एक्जिट'***

बाढी आउनुअघि बुधबार बिहान रसुवास्थित अध्यागमन कार्यालयबाट करिब ९० जनाले नेपालबाट बाहिरिन 'एक्जिट' अनुमति लिएको अध्यागमन विभागले जनाएको छ। तीमध्ये ५७ जना विदेशी नागरिक रहेका छन्।

विभागका प्रवक्ता शिवप्रसाद लम्सालका अनुसार बुधबार बिहान ८:३५ बजेसम्म उनीहरू अध्यागमन कार्यालयबाट बाहिरिएको अभिलेखमा देखिन्छ। प्रस्थान गर्ने विदेशी नागरिकमध्ये ३२ जना भारतीय र १२ जना चिनियाँ नागरिक रहेका छन्। संयुक्त राज्य अमेरिकाका नौ तथा बेलायत, क्यानडा, अस्ट्रेलिया र इटालीका एक-एक नागरिक रहेको विभागले जनाएको छ।

अस्ट्रेलियाले सहायता टोली पठाउने

बाढी प्रभावित नेपाल-चीन सीमा क्षेत्रका लागि अस्ट्रेलियाले मानवीय सहायता प्रदान गर्ने घोषणा गरेको छ। अस्ट्रेलियाले प्रभावित समुदायका लागि ५० लाख अस्ट्रेलियन डलर बराबरको सहायता प्याकेज उपलब्ध गराउने जनाएको छ।

अस्ट्रेलियाले प्रारम्भिक रूपमा तीन जना मानवीय सहायता विज्ञलाई नेपाल पठाउने तयारी गरेको छ। उनीहरूले प्रभावित क्षेत्रमा रहेका अस्ट्रेलियाली कर्मचारीलाई सहयोग गर्नेछन्। सहायता रकममध्ये २० लाख डलर विश्व खाद्य कार्यक्रममार्फत उपलब्ध गराउने जनाइएको छ।

अस्ट्रेलियाका करिब ३९ जना नागरिक सम्पर्कविहीन रहेकोसमेत त्यहाँको सरकारले जनाएको छ।

बाढीबाट प्रभावित क्षेत्रमा खोज तथा उद्धारकार्य जारी रहे पनि दुर्गम भूगोल, अवरुद्ध सडक र पुनः बाढी आउन सक्ने जोखिमका कारण उद्धार अभियान थप चुनौतीपूर्ण बनेको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षणपछि शुक्रबार बिहान मन्त्रिपरिषद्को बैठक बोलाएका छन्। सरकारले उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै सरकारी संयन्त्र परिचालन गरिसकेको जनाएको छ ।बीबीसी/नेपाली

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# जनकपुरधाममा हर्षोल्लाससाथ रक्षाबन्धन पर्व मनाइयो

दैनिक समाचारदाता

जनकपुरधाम, १२ भदौ । भाइ( बहिनीबीचको प्रेम, स्नेह र आपसी सद्भावको प्रतीकका रूपमा मनाइने रक्षाबन्धन अर्थात् जनैपूर्णिमा जनकपुरधामसहित देशभर हर्षोल्लासका साथ मनाइएको छ ।

रक्षाबन्धनका अवसरमा जनकपुरधामका बजारदेखि घर( आँगनसम्म उत्सवको रौनक देखिएको थियो । दिदीबहिनीले भाइको हातमा रंगीचंगी राखी बाँध्दै सुख, शान्ति, समृद्धि तथा दीर्घायुको कामना गरे । भाइहरूले पनि दिदीबहिनीको संरक्षण र सुख(समृद्धिका लागि प्रतिबद्धता जनाउँदै उपहार तथा दक्षिणा दिए ।

मिथिला संस्कृतिको प्रमुख केन्द्रका रूपमा रहेको जनकपुरधाममा रक्षाबन्धनको दिन धार्मिक गतिविधिसमेत बढेको थियो । बिहानैदेखि जानकी मन्दिर लगायतका मठमन्दिरमा पूजापाठ तथा दर्शन गर्ने श्रद्धालुको भीड लागेको थियो । विशेषगरी शिवालयहरूमा पनि भक्तजनको उल्लेख्य उपस्थिति थियो ।



प्रतिकात्मक तस्वीर

जनकपुरधाममा रक्षाबन्धन केवल भाइ(बहिनीबीच राखी बाँध्ने पर्वका रूपमा मात्र नभई धार्मिक तथा सांस्कृतिक आस्थासँग जोडिएको पर्वका रूपमा मनाउने परम्परा छ । परिवार तथा आफन्तजनबीच भेटघाट गर्ने, मिठाई तथा परिकार खाने र आपसी प्रेम तथा सद्भाव साटासाट गर्ने चलनसमेत यस दिन देखिन्छ ।

जनैपूर्णिमालाई ऋषितर्पणीसमेत भनिन्छ । वैदिक सनातन धर्मावलम्बीहरू बिहानै नदी, पोखरी तथा तालतलैयामा स्नान गरी शुद्ध हुने र गुरु वा पुरोहितबाट रक्षा सूत्र बाँध्ने परम्परा छ। तागाधारी पुरुषहरूले पुरानो जनै (यज्ञोपवीत) फेरेर नयाँ जनै धारण गर्छन्। पुरोहितले वैदिक मन्त्र उच्चारणसहित पूजा गरी रक्षा सूत्र र जनै बाँधिदिने चलन छ ।

धार्मिक मान्यताअनुसार रक्षा सूत्रले मानिसलाई नकारात्मक शक्ति तथा संकटबाट जोगाउने विश्वास गरिन्छ। यही विश्वासका आधारमा रक्षाबन्धनका दिन पुरोहितले मन्त्र जप गर्दै दाहिने हातमा रक्षा सूत्र बाँध्ने गर्छन्।

पौराणिक कथाअनुसार सत्ययुगमा शक्तिशाली दानवराज बलिलाई बाँध्न गुरु बृहस्पतिले विशेष रक्षा मन्त्रसहित डोरो बाँधेका थिए। त्यही परम्पराको स्मरण गर्दै आज पनि 'येन बद्धो बलिराजा...' मन्त्र उच्चारण गरी रक्षा सूत्र बाँध्ने चलन रहेको धर्मशास्त्रविद्हरू बताउँछन्।

धर्मशास्त्रविद् डा. रामचन्द्र गौतमका अनुसार ब्राह्मण पुरोहितले वैदिक मन्त्र जप गरी मानिसको दाहिने हातमा रक्षा सूत्र बाँधिदिने परम्परा छ। जनैपूर्णिमा तथा रक्षाबन्धन आत्मशुद्धि, गुरुप्रति श्रद्धा र एकअर्काको रक्षाप्रतिको प्रतिबद्धता व्यक्त गर्ने धार्मिक पर्व भएको उहाँको भनाइ छ।

जनकपुरधाममा मिथिला संस्कृतिको मौलिक परम्परा र धार्मिक आस्थासँग जोडिएको रक्षाबन्धनले परिवार, आफन्त तथा समुदायबीचको सम्बन्धलाई थप आत्मीय बनाउने अवसरसमेत प्रदान गरेको छ। पर्वका अवसरमा जनकपुरधामको धार्मिक तथा सांस्कृतिक वातावरण अझ जीवन्त बनेको थियो।

# टिमुरे, स्याफ्रुबेँसी र मैलुङबाट ७०६ जना विदेशीको उद्धार



दैनिक समाचारदाता

जनकपुरधाम, १२ भदौ । रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको भीषण बाढीका कारण विभिन्न क्षेत्रमा फसेका ७०६ जना विदेशी नागरिकको उद्धार गरिएको छ । नेपाली सेनाले हेलिकप्टर परिचालन गरी उनीहरूको उद्धार गरेको हो ।

आज दिउँसो ३ बजेसम्म टिमुरे, स्याफ्रुबेँसी, मैलुङलगायतका प्रभावित क्षेत्रबाट उद्धार गरिएकोमा ४० जना विदेशी (२९ भारतीय, ४ जर्मन, ४ चिनिया, १ ओमान, २ कोरियन) सहित ७०६ जनाको उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । बाढीका कारण सडक तथा स्थलमार्ग अवरुद्ध भएपछि जोखिमपूर्ण क्षेत्रमा फसेका नागरिकलाई प्राथमिकताका आधारमा हेलिकप्टरमार्फत सुरक्षित स्थानमा सारिएको हो ।

यसैबीच, बाढी प्रभावित जिल्लाहरूमा खोजी, उद्धार तथा राहत वितरणका लागि नेपाली सेनाले ठूलो संख्यामा जनशक्ति परिचालन गरेको छ । प्रभावित क्षेत्रमा ४ हजार ५ सयभन्दा बढी सैनिक उद्धार तथा राहत कार्यमा खटिएका छन् ।सेनाले जोखिममा रहेका नागरिकको खोजी तथा उद्धारसँगै प्रभावित क्षेत्रमा आवश्यक राहत सामग्री पुर्याउने र विपद् व्यवस्थापनका अन्य कामलाई समेत निरन्तरता दिइरहेको जनाएको छ ।

## भोटेकोशी................

सर्लाहीका सात जना सम्पर्कविहीन भएकोमा दुई जना सम्पर्कमा आइसकेका छन् । बाँकीमध्ये लालबन्दीका पाँच जना गोसाइँकुण्ड दर्शनका लागि रसुवा पुगेका थिए । हरिवनका एक जना इन्जिनियर र ब्रह्मपुरीका एक जना स्वास्थ्यकर्मी पनि सम्पर्कविहीन रहेको प्रशासनले जनाएको छ ।

बाराबाट १५ जना र पर्साबाट १५ जना सम्पर्कविहीन रहेको सम्बन्धित जिल्ला प्रशासन तथा प्रहरीले जनाएको छ । उनीहरूमध्ये अधिकांश जलविद्युत् आयोजना तथा निर्माण क्षेत्रमा कार्यरत रहेको बताइएको छ । केही भने काम तथा अन्य प्रयोजनका लागि रसुवा पुगेका थिए ।

रौतहटको वृन्दावन नगरपालिका(२ का गौरव राउत पनि अपर त्रिशूली जलविद्युत् आयोजनामा कार्यरत रहेको अवस्थामा बाढीपछि सम्पर्कविहीन भएका छन् । परिवारका अनुसार बुधबार बिहानसम्म सम्पर्कमा रहेका उनी त्यसपछि सम्पर्कविहीन भएका हुन् ।

प्रदेश प्रहरी कार्यालयका अनुसार मकवानपुरको हेटौंडा र पालुङ तथा सिन्धुलीका एक/एक जना पनि सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ । प्रहरीले विभिन्न जिल्लाबाट प्राप्त विवरण संकलन गरी खोजी तथा उद्धार कार्यलाई तीव्र बनाएको जनाएको छ ।

यसैबीच, भोटेकोशी बाढीबाट प्रभावितको उद्धार तथा राहतका लागि मधेश प्रदेशका राजनीतिक दल, जनप्रतिनिधि तथा स्थानीय तहले सहयोग घोषणा गरेका छन् । नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलले प्रदेश सभा सदस्यहरूको एक दिन बराबरको तलब केन्द्रीय विपत् व्यवस्थापन कोषमा जम्मा गर्ने जनाएको छ । नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले पनि एक दिनको तलब राहत सहयोगका रूपमा प्रदान गर्ने घोषणा गर्नुभएको छ ।

महोत्तरीका औरही नगरपालिका र गौशाला नगरपालिकाले पनि क्रमशः पाँच लाख र १० लाख रुपियाँ सहयोग गर्ने घोषणा गरेका छन् ।

भोटेकोशी बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा सम्पर्कविहीन व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ । स्थानीय प्रशासनले सम्पर्कविहीन व्यक्तिका परिवार तथा आफन्तबाट प्राप्त विवरणका आधारमा तथ्यांक अद्यावधिक गरिरहेको छ ।

# प्रधानमन्त्री राहत कोषमा ८७ वर्षीया वृद्धाले गरिन् एक करोड ९ लाख सहयोग



दैनिक समाचारदाता

काठमाडौँ १२ भदौ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा व्यावसायिक पृष्ठभूमिकी ८७ वर्षीया राजी राणाले व्यक्तिगततर्फबाट अहिलेसम्मकै ठूलो सहयोग गरेकी छिन्।

राणाले शुक्रबार कोषमा १ करोड ९ लाख रुपैयाँ आर्थिक सहयोग गरेकी हुन्। राणाका सहयोगी कृष्ण बस्नेतमार्फत पठाइएको सहयोग रकमको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार मन्त्रालयमा ग्रहण गरेका छन्। सो अवसरमा राणाको कार्यालयमा कार्यरत कर्मचारीहरूले पनि आफ्नातर्फबाट ८० हजार रुपैयाँ सहयोग गरेका थिए। उक्त रकमसमेत कर्मचारीहरूले अर्थमन्त्री वाग्लेलाई हस्तान्तरण गरेका हुन्।

राणाले विपद्पीडितका लागि थप २५ लाख रुपैयाँ बराबरको जिन्सी तथा खाद्यान्न सामग्री सहयोग गर्ने तयारीसमेत गरेकी छिन्। उनले अर्थ र गृह मन्त्रालयसँग समन्वय गरी आवश्यकता पहिचान भएका स्थानमा उक्त सामग्री उपलब्ध गराउने प्रतिबद्धता जनाएकी छिन्।

राणाको सहयोगले विपद्का बेला निजी क्षेत्र तथा सर्वसाधारणबाट हुने मानवीय सहयोगलाई थप प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।


नाम : प्रेक्षा सिंह
ठेगाना : जि.ध.क्षीरेश्वरनाथ नगरापालिका वडा नं. ५
सिम्बल नं. : ३१७०२४९५
रजि नं. : ७४१७१७३३६
सम्पर्क नं. : ९८०१६१७९९९



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४